**उपराष्ट्रपति**

काठमाडौं, नेपाल

उपराष्ट्रपतिको कार्यालय
शीतलनिवास, काठमाडौं, नेपाल

# अपिल

**प्रिय नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू,**

मुलुकका केही भूभागमा पछिल्ला दिनहरूमा सम्प्रदायबीच उत्पन्न असमझदारी, वैमनस्यता र द्वन्द्वले हाम्रो साझा सामाजिक सद्भावलाई चुनौती दिएको दुःखद घटनाले हामी सबैलाई गम्भीर रूपमा चिन्तित बनाएको छ।

नेपालको संविधानले हाम्रो राष्ट्रलाई धर्मनिरपेक्ष, समावेशी र विविधतापूर्ण समाजको रूपमा परिभाषित गरेको छ। यस संविधानले प्रत्येक नागरिकलाई आफ्नो धर्म, संस्कृति र परम्परा पालन गर्ने स्वतन्त्रता सुनिश्चित गरेको छ। हाम्रो मुलुकको शक्ति नै विविधता, सहिष्णुता र परस्पर सम्मानमा निहित छ। जुनसुकै धर्म मान्ने सम्प्रदाय, समुदाय, समाज र नेपाली नागरिकहरू सबै एउटै राष्ट्रिय परिवारका सदस्य हौं। हाम्रो भाइचाराको सम्बन्ध, सहअस्तित्व र परस्पर विश्वास नै हाम्रो पहिचान हो, जसलाई अक्षुण्ण राख्नु हामी सबैको साझा कर्तव्य हो।

म सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई हार्दिक आग्रह गर्दछु कि आपसी द्वन्द्व र वैमनस्यता त्यागी शान्ति, सद्भाव र सहिष्णुताको बाटो रोजौं। धार्मिक वा सांस्कृतिक भिन्नतालाई विभाजनको कारण नभई समृद्ध विविधताको धरोहरका रूपमा स्वीकार गरौं। कुनै पनि अफवाह, उत्तेजना वा हिंसात्मक गतिविधिमा संलग्न नहुनुहोस्; बरु संवाद, मेलमिलाप, भाइचारा, अपनत्वभाव र सहयोगलाई प्राथमिकता दिनुहोस्।

स्थानीय प्रशासन, धार्मिक अगुवाजन तथा नागरिक समाजलाई मिलेर सामाजिक सद्भाव कायम राख्न सक्रिय भूमिका निर्वाह गर्न आग्रह गर्दछु। हाम्रो साझा लक्ष्य भनेको एकताबद्ध, शान्तिपूर्ण र समावेशी नेपाल निर्माण गर्नु हो। यस मार्गमा कुनै पनि प्रकारको द्वन्द्व वा वैमनस्यताको स्थान छैन।

नेपाल हाम्रो साझा फुलबारी हो। यस फुलबारीलाई सुन्दर, मनमोहक, सुरक्षित, सम्मानजनक र प्रेमपूर्ण बनाउन हामी सबैको समान जिम्मेवारी, दायित्व र कर्तव्य हो। यसमा किंचित पनि विचलित नभई मुलुकको समुन्नत र दिगो विकासका लागि हामी सबै दृढसंकल्पका साथ अगाडि बढ्नुपर्छ।

नेपाल विश्व शान्तिदूत गौतम बुद्धको भूमि, जनकको कर्मभूमि र ज्ञान केन्द्र हो। हामी सबै शान्तिप्रिय नेपालका नागरिक हौं। विश्वमा विरलै पाइने हाम्रो मौलिकता र पहिचानलाई कायम राख्न प्रत्येक नेपालीले आ-आफ्नो स्थानबाट योगदान दिनु अपरिहार्य छ। हाम्रो विविधता नै हाम्रो शक्ति हो, हाम्रो सहिष्णुता नै हाम्रो गौरव हो र हाम्रो एकता नै हाम्रो भविष्य हो।

**अन्त्यमा,** हाल मुलुकको अवस्था संवेदनशील रहेको र निर्वाचनको राष्ट्रिय कार्यभार पूरा गर्नैपर्ने भएकाले समाजका सबै पक्षलाई शान्ति, संयम, सहिष्णुता र सद्भाव कायम राख्दै स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन सम्पन्न गर्नका लागि जिम्मेवार भूमिका निर्वाह गर्न म सम्पूर्ण नागरिकलाई हार्दिक आग्रह गर्दछु।

जय नेपाल!

**२०८२ पुस २२ गते मङ्गलबार।**

**रामसहाय प्रसाद यादव**
उपराष्ट्रपति